नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# आवास पुनर्निर्माण कार्यक्रम

# भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सहायताबारे

# जानकारी पुस्तिका

२०७२ फागुन, काठमाडौं



## परिचय

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरुबाट क्षतिग्रस्त निजी आवासहरुको पुनर्निर्माणका लागि प्रदान गरिने सहायताका बारेमा जानकारी दिने उद्देश्यले **राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२** तथा **भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२** अनुसार सम्बन्धित सबै लाभग्राही तथा निकायहरुको प्रयोजनका लागि यो पुस्तिका तयार पारिएको हो ।

---

प्रकाशन श्रृंखला: NRA/Handbook - 001/Mar2016

©NRA

# विषय सूची

## परिचय

**आवास पुनर्निर्माण तथा अनुदान सहायता बारे महत्वपूर्ण जानकारी.............१**

क) सर्भेक्षणको बारेमा .......................................................................१
ख) पुनर्निर्माण अनुदानको बारेमा .......................................................१
ग) अनुदान सम्झौता तथा सम्झौता शिविरको बारेमा .............................३
घ) प्राविधिक सहायताको बारेमा.........................................................६

**नमूना फाराम तथा अन्य कागजातहरु ................................................. ९**

क) लाभग्राहीको नामावली प्रकाशन गर्ने सूचना तथा नामावलीको नमूना तालिका............................................................................. ९
ख) भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सम्झौता गर्नको लागि सञ्चालन गरिने अनुदान सम्झौता शिविर सम्बन्धी सूचना.......................................................................... १०
ग) भूकम्पबाट क्षतिग्रस्त निजी आवास भवन पुनर्निर्माणका लागि अनुदान सम्झौता पत्र.................................................................११
घ) लाभग्राही आफै सम्झौताको लागि उपस्थित हुन नसकेको खण्डमा आधिकारिक प्रतिनिधि तोक्ने फारामको नमूना...................१४
ङ) लाभग्राही भन्दा फरक व्यक्तिको नाममा जग्गा भएको अवस्थामा आवास बनाउन स्वीकृति दिने फारामको नमूना................................१५
च) लाभग्राहीको पहिचान सम्बन्धमा कुनै गुनासो भएमा गुनासो दर्ता गराउने फारामको नमूना ..........................................................१६
छ) भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदानका लागि लाभग्राही छनौट मापदण्ड ..........................................................१७
ज) लाभग्राही पहिचान, अनुदान वितरण तथा प्राविधिक निरीक्षण प्रक्रिया................................................................................१८

# आवास पुनर्निर्माण तथा अनुदान सहायता बारे महत्वपूर्ण जानकारी

## क) सर्भेक्षणको बारेमा

१ हालै सम्पन्न भएको वा सञ्चालन भइरहेको सर्भेक्षण के हो ? र सर्भेक्षण सम्पन्न भए पछि के हुन्छ ?

- नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम" अन्तर्गत सञ्चालित सर्भेक्षण भूकम्पबाट क्षतिग्रस्त भएका आवास भवनहरुको विस्तृत जानकारी तथा अन्य सामाजिक आर्थिक विवरण संकलनका लागि गरिएको हो ।

  सर्भेक्षणबाट भूकम्प प्रभावित क्षेत्रमा क्षति भएका घरहरुको तथ्याङ्क यकीन हुन्छ, जुन आवास पुनर्निर्माणको लागि अनुदान वितरण एवं प्राविधिक सहयोग गर्नको लागि महत्वपूर्ण आधार बन्दछ ।

२ सर्भेक्षण सम्पन्न भएपछि कति दिनमा यकीन तथ्याङ्क आउँछ र लाभग्राहीले जानकारी पाउन सक्छन् ?

- गा.वि.स. वा नगरपालिकामा सर्भेक्षण सम्पन्न भएको करीब ३ हप्तापछि यसको विस्तृत विश्लेषण भई सो को जानकारी गा.वि.स. वा नगरपालिका कार्यालय मार्फत प्राप्त हुन आउँछ । त्यस उपर चित्त नबुझे गा.वि.स. नगरपालिका वा श्रोत केन्द्रमार्फत उजुरी गर्न वा प्रष्ट गराउन सकिन्छ ।

## ख) पुनर्निर्माण अनुदानको बारेमा

३ पुनर्निर्माणको लागि अनुदान सहायता प्राप्त गर्ने प्रक्रियाहरु के-के हुनेछन् ?

- अनुदान सहायता प्राप्त गर्ने प्रक्रियाहरु निम्न बमोजिम हुनेछन् :

क) सम्बन्धित व्यक्ति अनुदान प्राप्त गर्ने लाभग्राहीको सूचीमा परेको हुनु पर्नेछ ।

ख) छनोट भएको सूचीमा चित्त नबुझे वा कुनै दाबी विरोध भएमा गुनासो दर्ता गर्नका लागि श्रोत केन्द्र वा गा.वि.स./नगरपालिकामा गुनासो व्यवस्थापन इकाईको व्यवस्था गरिनेछ । उक्त इकाईले यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक छानविन गरी गुनासोको सम्बोधन गर्नेछ ।

ग) छनोट सूचीभित्र परेका घरधनीहरुलाई श्रोत केन्द्र वा गा.वि.स./नगरपालिकामार्फत अनुदान प्राप्त गर्ने विधि, प्रक्रिया र सम्बन्धित व्यक्तिहरुले पालना गर्नुपर्ने शर्तहरु तथा आवश्यक कागजातहरुको विषयमा विस्तृत जानकारी प्रदान हुने व्यवस्था मिलाइनेछ ।

घ) विस्तृत जानकारी पाइसकेपछि पुनर्निर्माण गर्नुपर्ने सम्बन्धित घरधनीले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको सम्बन्धित गा.वि.स. वा नगरपालिकासँग अनुदान सहायता सम्बन्धमा अनुदान सम्झौतापत्रमा हस्ताक्षर गर्नुपर्नेछ । यस्तो सम्झौता तोकिएको अनुदान सम्झौता शिविरमा गई गर्नुपर्नेछ ।

ङ) गा.वि.स/नगरपालिकासँग सम्झौता भए पछि सम्झौता शिविरमा रहेको बैंक शाखा वा काउण्टरमा गई बैंकको सुझाव अनुसार खाता खोल्नु पर्नेछ वा त्यहाँ भएको बैंकमा पहिले नै खाता भएमा सोही खातालाई प्रयोग गर्न सकिन्छ ।

च) यस्तो खाता खोलिसकेपछि अनुदान वितरण निर्देशिका बमोजिम अनुदानको पहिलो किस्ता वापतको रकम रु. ५०,०००/- लाभग्राहीको बैंक खातामा जम्मा हुनेछ । यो रकम आफ्नो घर निर्माणको आवश्यकता अनुसार निकाल्न सकिनेछ ।

छ) अनुदान वापतको दोस्रो किस्ता रकम रु ८०,०००/- घरको जग तथा प्लिन्थ वा डि.पि.सि. लेभलसम्मको निर्माण कार्य सम्पन्न गरी जाँचपास गरेपछि बैंक खातामार्फत नै प्राप्त गर्न सकिन्छ । र, तेस्रो

किस्ता रकम रु ७०,०००/- छाना छाउने तहसम्मको कार्य सम्पन्न गरे पश्चात् जाँचपास गरेपछि बैंक खाता मार्फत नै प्राप्त गर्न सकिन्छ ।

४ सरकारले वितरण गर्ने भनेको अनुदानका अतिरिक्त अन्य थप सहायताहरुको व्यवस्था के छ ?

- सरकारले वितरण गर्ने दुई लाख अनुदान रकमका अतिरिक्त लाभग्राहीले सामूहिक जमानीमा तीन लाख रुपैयाँसम्मको सहुलियत ऋण प्राप्त गर्न सक्छन् । नेपाल राष्ट्र बैंकबाट धितो राखी काठमाडौं उपत्यका बाहिरका लागि पन्ध्र लाख रुपैयाँसम्म र काठमाडौं उपत्यका भित्रका लागि पच्चीस लाख रुपैयाँसम्म भूकम्प पिडित विशेष आवास कर्जा प्राप्त गर्न सकिनेछ, तर यसका लागि सामूहिक जमानीमा सहुलियत ऋण नलिएको हुनुपर्दछ । सामूहिक जमानी सम्बन्धमा छुट्टै कार्यविधि बनाइनेछ ।

५ पुनर्निर्माणको लागि प्राप्त हुने अनुदान वा सहुलियत ऋण रकम अन्य काममा खर्च गर्न पाइन्छ कि पाइन्न ?

- पाइदैन । त्यस्तो गरेको पाइएमा सरकारले उक्त रकम फिर्ता गर्न लगाउनेछ ।

६ भूकम्पमा घर क्षति भई अहिले घर पुनर्निर्माण गर्न थालिसकेकाहरुले आवास पुनर्निर्माण अनुदान पाउँछन् कि पाउँदैनन् ?

- पाउन सक्छन् । तर बनेको घर भूकम्प प्रतिरोधी हुने गरी सम्पूर्ण मापदण्ड अनुसार प्राविधिक जाँचपास भएको हुनुपर्दछ ।

## ग) अनुदान सम्झौता तथा सम्झौता शिविरको बारेमा

७ अनुदान सम्झौता के हो ? यो नगरी नहुने हो ?

- अनुदान सम्झौता भनेको भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि उपलब्ध गराइने अनुदान सहयोग प्राप्तिका लागि सम्बन्धित स्थानीय निकाय र लाभग्राहीबीच गरिने सम्झौता हो । यो सम्झौता नगरी सरकारका तर्फबाट प्रदान गरिने अनुदान

सहायता प्राप्त गर्न सकिदैंन । कुन स्तरको क्षति भएको अवस्थामा आर्थिक सहायता पाउने भन्ने जानकारी अनुसूची ६ को १ मा उल्लेख गरिएको छ ।

८ अनुदान सम्झौता कहाँ गएर गर्ने ?

- अनुदान सम्झौता सम्बन्धित गा.वि.स./नगरपालिका वा तोकिएको श्रोत केन्द्र वा अनुदान सम्झौता शिविरमा गएर गर्नु पर्दछ ।

९ अनुदान सम्झौता गर्न घरधनी वा लाभग्राहीको रुपमा जसको नाम छ उही व्यक्ति आउनु पर्ने हो वा अन्य व्यक्ति पनि आउन सक्छ ?

- सम्झौताका लागि सम्बन्धित घरधनी (लाभग्राही) उपस्थित हुनुपर्दछ । लाभग्राही आफै सम्झौताको लागि उपस्थित हुन नसकेको अवस्थामा तोकिएको ढाँचामा आधिकारिक प्रतिनिधि तोक्न सकिनेछ । यसका लागि संलग्न अनुसूची (ग) बमोजिमको फाराम र नाता प्रमाणपत्र एवं नागरिकताको प्रमाणपत्र सहित उपस्थित भएर तोकिएको प्रतिनिधिले सम्झौता गर्न सक्नेछन् ।

१० सम्झौताको लागि के के कागजातहरु आवश्यक छन् ?

- सम्झौता गर्न सम्बन्धित लाभग्राहीले निम्नानुसार कागजातहरु ल्याउनु पर्नेछः

  (क) नागरिकताको प्रमाणपत्र,

  (ख) जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) र

  (ग) सर्भेक्षणको समयमा दिइएको सर्भेक्षण गर्दाको निस्सा ।

११ नागरिकता हराएको वा नभएको अवस्थामा के गर्ने ?

- नागरिकता हराएको वा नभएको अवस्थामा तत्काल जिल्ला प्रशासन कार्यालयबाट सो प्रमाणपत्रको प्रतिलिपी प्राप्त गरेर मात्र अनुदान सम्झौताको प्रक्रियाका लागि अघि बढ्न सकिन्छ ।

१२ लालपूर्जा नभएको वा हराएको अवस्थामा के गर्ने ?

- यस्तो अवस्थामा जिल्ला मालपोत कार्यालयबाट लालपूर्जा प्राप्त गरेर मात्र सम्झौताको प्रक्रियामा सामेल हुन सकिन्छ ।

१३ जग्गा वा घडेरी अरु नै व्यक्तिको नाममा रहेको अवस्थामा के गर्ने ?

- लाभग्राही बाहेक अन्य व्यक्तिको नाममा जग्गा वा घडेरी भएको अवस्थामा सम्बन्धित जग्गाधनीको स्वीकृति आवश्यक पर्दछ । यसका लागि अनुसूची (घ) मा दिइएको ढाँचामा जग्गाधनीले दिएको स्वीकृतिको कागजात पेश गर्नुपर्दछ ।

१४ सर्भेक्षण निस्सा हराएको अवस्थामा के गर्ने ?

- सर्भेक्षण निस्सा पेश गर्दा प्रक्रिया सहज हुन्छ । तर उक्त निस्सा हराएको अवस्थामा अनुदानका लागि छनौट भएका लाभग्राहीहरुको सूचीबाट विवरण टिपोट गरी पेश गर्न सकिन्छ ।

१५ अनुदान सम्झौता हुने मिति र स्थानको बारेमा कहाँबाट, कसरी थाहा पाउने ?

- अनुदान सम्झौता हुने मिति र स्थानका बारेमा सम्बन्धित स्थानीय निकाय वा श्रोत केन्द्र वा जिल्ला आयोजना कार्यान्वयन इकाईले सूचना प्रकाशित गरी जानकारी गराउनेछ ।

१६ घर भएको स्थान पहिरोले लगेको छ वा जोखिमपूर्ण छ र नजिकै अन्य स्थानमा जग्गा पनि छैन भने के गर्ने ?

- यस्तो अवस्थामा अनुदान वितरण शिविर वा स्थानीय निकायमा गुनासो दर्ता गराउने फाँटमा आफ्नो गुनासो पेश गर्न सकिन्छ ।

  भूकम्पबाट क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण यथास्थानमा सम्भव नहुने वा उपयुक्त नहुने अवस्थाका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले छुट्टै कार्यविधि अनुसार पुनर्निर्माण गर्ने व्यवस्था मिलाउनेछ ।

१७ जग्गाको लालपूर्जा नै नलिएको वा नभएको अवस्थामा के गर्ने ?

- सम्बन्धित नापी कार्यालयमा समन्वय गरी जग्गाको नापी गराई लालपूर्जा लिएर अनुदान प्रक्रियामा सामेल हुन सकिन्छ ।

१८ तोकिएको मितिमा अनुदान सम्झौता गर्न आउन नसकेको खण्डमा वा शिविरमा सम्झौता गर्न छुटेको अवस्थामा के हुन्छ ?

- यस्तो अवस्थामा पछि पनि सम्झौता गर्न सकिन्छ ।

१९ बैंक खाता कहाँ र कसरी खोल्ने ?

- अनुदान सम्झौता शिविरस्थलमा रहने बैंकको शाखा वा काउण्टरमा बैंकको सुझाव अनुसार नयाँ खाता खोल्न सकिन्छ । आफ्नो नागरिकताको प्रमाणपत्र सहित लाभग्राही उपस्थित भई आवश्यक विवरण सहितको फाराम भरेर बैंक खाता खोल्न सकिनेछ ।

२० परिवारका सदस्यको नाममा पहिले नै कुनै बैंकमा खाता छ भने के गर्ने ?

- अनुदान रकम जम्मा हुने बैंक खाता सम्बन्धित लाभग्राहीको नाममा वा निजले आधिकारिक रुपमा तोकेको प्रतिनिधिको नाममा सञ्चालित भएको हुनुपर्दछ । परिवारको सदस्यको नाममा पहिले नै भएको खाता प्रयोग गर्न चाहेमा निजलाई आधिकारिक प्रतिनिधि तोक्नु पर्नेछ ।

२१ बैंकमा अनुदान रकम तत्कालै जम्मा हुन्छ कि ? वा कहिले जम्मा हुन्छ ?

- बैंक खातामा अनुदान सहायता रकम जम्मा हुने प्रक्रिया तत्काल शुरु हुन्छ । रकम प्राप्त हुन केही दिन लाग्न सक्छ ।

२२ बैंकमा जम्मा भएको रकम सबै तत्कालै झिक्नु पर्छ वा आफ्नो आवश्यकता अनुसार झिक्न पाइन्छ ?

- लाभग्राहीले आफ्नो खातामा जम्मा भएको रकम आफ्नो आवश्यकता र सजिलो हेरेर निकाल्न सक्दछन् ।

२३ अनुदान सम्झौता गर्न आउँदाको लागि यातायात खर्च पनि पाइन्छ कि? वा आफैले बन्दोबस्त गर्नु पर्छ?

- यातायात खर्च पाइदैन, आफै बन्दोवस्त गर्नुपर्दछ ।

## घ) प्राविधिक सहायताको बारेमा

२४ भूकम्प प्रतिरोधी घर बनाउनु किन जरुरी छ ? र भूकम्प प्रतिरोधी घर कस्तो हुन्छ ?

- नेपालमा भविष्यमा समेत भूकम्पहरु आउन सक्दछन् । त्यसैले भूकम्प प्रतिरोधी घर बनाई भूकम्पको समयमा समेत गल्र्यामगुर्लुम नलड्ने

बनाउन जरुरी छ । हाम्रा गाउँघरमा ढुङ्गा, इटा, काठ इत्यादि प्रयोग गरी बनाउने घरलाई पनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ र कंक्रिट ढलानको घरलाई पनि भूकम्प प्रतिरोधी बनाउनु पर्छ । घरको गारोका विभिन्न तहमा राखिने पट्टी वा ब्याण्डहरु, ठाडो डण्डी वा थामहरुले घरलाई एकढिक्का राखी भूकम्पको समयमा भत्कनबाट जोगाउछन् ।

२५ अब कस्तो घर निर्माण गर्ने ? स्थानिय निर्माण सामग्री प्रयोग गर्न सकिन्छ कि सकिदैन ? घरको नक्शा डिजाइन कस्तो बनाउने ?

- गाउँ घरमा नै उपलब्ध हुने निर्माण सामग्रीबाट भूकम्प प्रतिरोधी तरिकाको घर बनाउन सकिन्छ । यसको लागि नेपाल सरकारले सिफारिश गरेका आवासीय घरका नक्शा-डिजाइनहरु मध्येबाट आफूलाई मन परेको नक्शा-डिजाइन छनोट गरी त्यस अनुसारको घर बनाउन सकिन्छ वा आफूलाई चित्त बुझ्ने अन्य नक्शा-डिजाइनको पनि घर निर्माण गर्न सकिन्छ । तर, यस्तो नक्शा-डिजाइन भूकम्प प्रतिरोधी मापदण्ड अनुसारको नै हुनुपर्छ । तोकिएको नक्शा डिजाइन भन्दा भरक घर निर्माण गर्नुपर्दा ग्रामीण आवासका निम्ति सरकारले बलियो र सुरक्षित घर निर्माण गर्ने सम्बन्धी मापदण्डहरुको सूची उपलब्ध गराउनेछ । सम्बन्धित घरधनीले उक्त मापदण्ड अनुसार घर निर्माण गर्न सक्नेछन् । प्राविधिकहरुले निरीक्षण गर्दा उक्त मापदण्डहरुको सूची अनुसार नभएमा थप अनुदान प्राप्त हुनेछैन र नगरपालिका क्षेत्रमा निर्माण गरिने घरहरुका लागि सम्बन्धित घरधनीले अनिवार्यरुपमा नगरपालिकाबाट नक्शा पास गरेको हुनुपर्नेछ ।

२६ हाम्रा गाउँघरमा बन्ने ढुङ्गे घरलाई पनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ ?

- अवश्य सकिन्छ । ढुङ्गे घरलाई पनि तरिका मिलाएर बनाएको खण्डमा भूकम्प प्रतिरोधी बनाउन सकिन्छ । तालिममा यस्तो प्रविधिको बारेमा समेत सिकाइन्छ ।

२७ घर बनाउँदा सरकारले प्राविधिक सहायता वा तालिम पनि दिन्छ कि ?

- निश्चय नै दिन्छ, अब बन्ने आवासीय घरहरुलाई भूकम्प प्रतिरोधी बनाउनको लागि विभिन्न संघसंस्थाहरु मार्फत प्राविधिक सहायता उपलब्ध गराउने छ तथा डकर्मी तालिमहरु सञ्चालन हुनेछन् । तालिम प्राप्त डकर्मीहरुको विस्तृत विवरण श्रोत केन्द्र र गा.वि.स.हरुमा

रहनेछ । त्यहाँबाट आवश्यकता अनुसार उपयुक्त डकर्मीको छनोट गर्न सकिन्छ ।

२८ कहिले सम्ममा यस्तो प्राविधिक सहायता आउँछ होला त ?

- भूकम्प प्रभावित केही स्थानहरुमा यस्तो प्राविधिक सहायता र तालिमहरु सञ्चालन हुन थालिसकेका छन् । यस गा.वि.स. वा नगरपालिका र नजिकका गाविसहरुमा समेत सर्भेक्षण सम्पन्न भएपछि करिव एक महिनाभित्रमा तालिमहरु सञ्चालन हुनेछन् ।

२९ श्रोत केन्द्र भनेको के हो ? र यो कहाँ हुन्छ ?

- श्रोत केन्द्र भनेको पुनर्निर्माण प्राधिकरणले करीव तीनदेखि छ वटा गा.वि.स. वा नगरपालिकाहरुलाई पायक पर्ने स्थानमा स्थापना गर्ने सहयोग केन्द्र हो । यस केन्द्रमा प्राविधिक सहायता तथा सिकर्मी-डकर्मी जस्ता निर्माण सम्बन्धी तालिम, सामाजिक परिचालकद्वारा दिइने सेवाहरु, आर्थिक तथा प्राविधिक सहायता सम्बन्धी जानकारी, निर्माण सामग्रीहरुको गुणस्तर एवं पाइने स्थानको जानकारी तथा बैंकका शाखा लगायतका सेवाहरु पाउने व्यवस्था गरिनेछ ।

३० परिवारमा बालबालिका, अशक्त, बुढाबुढी वा एकल महिला मात्र भएको अवस्थामा पुनर्निर्माणका लागि कसैले मद्दत गर्ने व्यवस्था हुन्छ ?

- हुन्छ । स्थानीय रुपमा विभिन्न संघसंस्था एवं समुदायहरुको संलग्नता र समन्वयमा सामुदायिक स्तरमा त्यस्ता व्यक्तिलाई पुनर्निर्माण काममा मद्दत गर्ने प्रबन्ध मिलाइनेछ । अति विपन्न परिवारको लागि विभिन्न संघसंस्थाहरु मार्फत अतिरिक्त सहायता गर्ने प्रबन्ध समेत हुनेछ ।

३१ अन्य थप जानकरीहरु आवश्यक परेमा कहाँ कसरी सम्पर्क गर्ने ?

- थप जानकारीका लागि सम्बन्धित गा.वि.स., नगरपालिका, श्रोत केन्द्र एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सम्पर्क गर्न सकिन्छ । साथै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको वेबसाइट www.nra.gov.np बाट पनि जानकारी लिन सकिन्छ । त्यस्ता प्रश्न info@nra.gov.np मा पनि पठाउनु भए राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जानकारीमा आउँछ ।

# नमूना फाराम तथा अन्य कागजातहरु

## क) लाभग्राहीको नामावली प्रकाशन गर्ने सूचना तथा नामावलीको नमूना तालिका

**भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान वितरणको लागि लाभग्राहीहरुको नामावली**

२०७२ साल बैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका परकम्पहरुबाट क्षतिग्रस्त निजी आवास भवनहरुको पुनर्निर्माणका लागि नेपाल सरकारले उपलब्ध गराउने आवास अनुदानको लाभग्राही पहिचान गर्ने प्रयोजनका लागि केन्द्रिय तथ्याङ्क विभागद्वारा सञ्चालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम" अन्तर्गत संकलित तथ्याङ्कहरुको विश्लेषणबाट देहायको सूची बमोजिम लाभग्राहीहरुको पहिचान गरिएको छ ।

जिल्ला: ...................................... गाविस : ....................... वडा : ............

| क.स. | सर्वेक्षण निस्सा नं | लाभग्राहीको नाम थर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

सूचना प्रकाशित गर्ने अधिकारी

हस्ताक्षर : ............................................................

नाम : ............................................................

पद : ............................................................

## ख) भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सम्झौता गर्नको लागि सञ्चालन गरिने अनुदान सम्झौता शिविर सम्बन्धी सूचना

भूकम्पबाट क्षतिग्रस्त निजी आवास अनुदान वितरणको लागि अनुदान सम्झौता शिविर निम्न तालिका अनुसारको मिति र स्थानमा हुने भएकोले उक्त मितिमा लाभग्राहीहरुलाई तपसिलमा उल्लेखित कागजातहरु सहित सम्झौताको लागि सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

शिविर सञ्चालन हुने स्थान : ........................................................

शिविर शुरुवात हुने मिति : ........................................................

साथमा ल्याउनु पर्ने कागजातहरु :

(क) नागरिकताको प्रमाणपत्र,

(ख) जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) र

(ग) सर्भेक्षणको समयमा दिइएको सर्भेक्षण गर्दाको निस्सा ।

**शिविरमा सम्झौताको मिति तालिका**

| गाविस/वडा | सम्झौता गर्न तोकिएको मिति |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

सूचना जारी गर्ने अधिकारी

हस्ताक्षर : ....................................................

नाम : ....................................................

पद : ....................................................

# ग) भूकम्पबाट क्षतिग्रस्त निजी आवास भवन पुनर्निर्माणका लागि अनुदान सम्झौता पत्र

## अनुदान सम्झौता पत्रको नमूना

प्रथम पक्ष लाभग्राही म .................................... जिल्ला ............................ गाविस/नगरपालिका वडा नं. ......... ................................................ निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ........................... को ............................. नाता पर्ने श्री/श्रीमान/श्रीमती/सुश्री .................................. तथा

द्वितीय पक्ष स्थानीय निकायको तर्फबाट अधिकारप्राप्त अधिकारी म ......................... हामीहरु दुवै पक्षले देहायबमोजिमका शर्तहरुको अधीनमा रही यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं ।

**प्रथम पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरु:**

१ मेरो घर २०७२ साल वैशाख १२ गते गएको भूकम्प तथा त्यसपछिका पराकम्पहरुबाट क्षतिग्रस्त भएको ठीक साँचो हो ।

२ मैले एउटा घर पुनर्निर्माण गर्नको लागि मात्र अनुदान माग गरेको छु (लाभग्राहीको एक भन्दा बढी घर क्षति भएको अवस्थामा) ।

३ मैले अरु निकाय वा संघसंस्थाबाट घर पुनर्निर्माणका लागि अनुदान प्राप्त गरेको छैन र गर्ने पनि छैन ।

४ म/मेरो परिवारका लागि घर पुनर्निर्माण गर्नका निम्ति मेरो/मेरो परिवारको नाममा घडेरी जग्गा छ ।

५ मैले पुनर्निर्माण गर्ने घर सम्झौतापत्रमा उल्लिखित शर्त, तोकिएको मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउनेछु ।

६ निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन तथा अन्य निर्माण कार्य गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने तथा काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

७ मैले प्राप्त गर्ने आवास पुनर्निर्माण अनुदान रकम घर निर्माणका लागि मात्र खर्च गर्नेछु ।

८ मेरो घर निर्माणका निम्ति उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा सहुलियत कर्जा वा भूकम्प पीडित विशेष आवास कर्जाबाट निर्माण कार्य सम्पन्न गर्नेछु ।

९ पुनर्निर्माण कार्यक्रम अन्तर्गत दिइने अभिमुखीकरण तथा तालिम कार्यक्रममा म सहभागी हुनेछु ।

१० मैले पुनर्निर्माणका लागि तोकिएको बैंकमा खोलिएको खातामार्फत पहिलो किस्ता रकम रु. ५०,०००/-। प्राप्त गर्नेछु ।

११ मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम प्लिन्थ तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि मात्र दोस्रो किस्ता रकम रु. ८०,०००/- प्राप्त गर्नेछु ।

१२ मैले तोकिएको गुणस्तर र प्रविधि बमोजिम छाना छाउनु अगाडिको तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि मात्र तेस्रो तथा अन्तिम किस्ता रकम रु. ७०,०००/- प्राप्त गर्नेछु ।

१३ छाना निर्माण सम्पन्न भएपछि घरको पुनर्निर्माण कार्य स्वीकृत मापदण्ड र प्रविधि बमोजिम भए नभएको सम्बन्धमा प्रमाणीकरण गर्न गराउन मेरो मञ्जुरी छ ।

१४ मेरो घर निर्माण कार्य तोकिएको गुणस्तर, मापदण्ड र प्राविधि अनुरुप नभएमा मेरो आफ्नो स्रोत, साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ ।

१५ माथि उल्लिखित ब्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**द्वितीय पक्ष (स्थानीय निकाय) को तर्फबाट अधिकारप्राप्त अधिकारीले मञ्जुर गरेका शर्तहरुः**

- प्रथम पक्षबाट उल्लेखित शर्तहरु पूरा भएको अवस्थामा निम्न अनुसारको आवास पुनर्निर्माण अनुदान नेपाल सरकारले बैंकमार्फत् उपलब्ध गराउने छ ।

| | |
|---|---|
| प्रथम पक्ष लाभग्राहीः | द्वितीय पक्ष स्थानीय निकायको अधिकारीः |
| हस्ताक्षर ................................ | हस्ताक्षर ................................ |
| लाभग्राही वा निजको प्रतिनिधिको नामः | स्थानीय निकायका अधिकारीको नामः |
| .............................................. | .............................................. |
| (यदि लाभग्राहीको आधिकारिक हकवाला व्यक्ति हो भने) | पदः .............................................. |
| | कार्यालयः .................................... |

सर्भेक्षण निस्सा नं. .................

ठेगानाः .................... गाविस/न.पा.: .............................. वडा नं.: ........

बैंक खाता नं.: .................................

बैंकको नामः .......................................... शाखाः ......................................

नागरिकता प्रमाणपत्र नं.: .................. जारी जिल्ला ............... मितिः ................

सर्वेक्षण परिचयपत्र नं.: ..................... अनुदान सम्झौता प्रमाणपत्रः ....................

फोटोः औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

घर निर्माण गर्ने जग्गाको विवरणः

कित्ता नं.: ................... क्षेत्रफलः .................. वर्ग मिटर

ठेगानाः ......................................................................

इच्छाएको व्यक्तिको नाम र थरः ....................................................................

ठेगानाः ....................................................................................................

*संलग्न हुनुपर्ने कागजातहरुः*

*(क) नागरिकताको प्रमाणपत्र,*

*(ख) जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) र*

*(ग) सर्भेक्षणको समयमा दिइएको सर्भेक्षण गर्दाको निस्सा*

*(घ)* .........................................

*(ङ)* .........................................

# घ) लाभग्राही आफै सम्झौताको लागि उपस्थित हुन नसकेको खण्डमा आधिकारिक प्रतिनिधि तोक्ने फारामको नमूना

मिति ............................

**जो जससँग सम्बन्धित छ**

म ...................... जिल्ला ...................... गा.वि.स./नगरपालिका वडा नं. ....... निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ......................... को ............................... श्री/श्रीमान/श्रीमती/सुश्री ................................. को भूकम्प प्रभावित लाभग्राही .................. जिल्ला ...................... गा.वि.स./नगरपालिका वडा नं. ......... निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ......................... सँग नाता सम्बन्ध कायम रहेको छ ।

भूकम्प प्रभावित निज श्री/श्रीमान्/श्रीमती/सुश्री ............................ सर्भेक्षण निस्सा नं. ........... ले उहाँको तर्फबाट मलाई यस आवास पुनर्निर्माण कार्यक्रम अन्तर्गत लाभग्राहीसँगको सम्झौता पत्रमा हस्ताक्षर गर्न अख्तियारी दिएको कुरा अनुरोध गर्दछु । उक्त नाता प्रमाणपत्र तथा अख्तियारीमाथि सम्बन्धित गा.वि.स./ नगरपालिकाले आवस्यक जाँचबूझ गरी प्रमाणित गरेकोले लाभग्राहीसँगको अनुदान सम्झौता पत्रमा हस्ताक्षर गरिपाऊ भनी यो निवेदन पेश गर्दछु ।

माथि उल्लेखित विवरण ठीक छन्, ती झुट्टा ठहरिए कानून बमोजिम सजाय भोग्न तयार छु ।

अख्तियारवाला निवेदकको
हस्ताक्षरः .................................
नामः ......................................
ठेगानाः ...................................

अख्तियारी दिने लाभग्राहीको
हस्ताक्षरः .................................
नामः ......................................
ठेगानाः ...................................
सर्भेक्षण निस्सा नं. .......................

प्रमाणित गर्ने गा. वि. स./ नगरपालिका अधिकारीको
हस्ताक्षरः .................................
नामः ......................................
पदः .......................................

संलग्न हुनु पर्ने कागजातः
१ नाता प्रमाणित गरिएको सम्बन्धित गा.वि.स. वा नगरपालिकाको पत्र

## ङ) लाभग्राही भन्दा फरक व्यक्तिको नाममा जग्गा भएको अवस्थामा आवास बनाउन स्वीकृति दिने फारामको नमूना

निजी आवास पुनर्निर्माणका लागि

### जग्गा प्रयोग गर्न स्वीकृति दिने सम्बन्धमा

(जग्गाधनीले भर्ने फाराम)

दर्ता नं. [ ]

मितिः ........................................

**जो जससँग सम्बन्धित छ**

म ................................ जिल्ला ............... गा.वि.स./नगरपालिका वडा नं ........ .................................. निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ............................. को ..................... नाता पर्ने श्री/श्रीमान/श्रीमती/सुश्री .................................... लाई ........................... जिल्ला .................. गा.बि.स.रनगरपालिका वडा नं. ...... ............................... निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ................................ को ............... नाता पर्ने श्री/श्रीमान/श्रीमती/सुश्री ....................................... ले मेरो नाममा रहेको ........................ जिल्ला ..................... गा.बि.स./नगरपालिका वडा नं ........ ......................................मा रहेको कित्ता नं. .................. को जग्गामा हाल निजी आवास पुनर्निर्माण गर्न अनुरोध गरेकाले मैले आफ्नो राजीखुशीले निजलाई सो कार्यका लागि स्वीकृति दिएको व्यहोरा सादर अनुरोध छ ।

जग्गाधनीको हस्ताक्षरः ........................

जग्गाधनीको नामः ............................

लाभग्राही वा आधिकारिक प्रतिनिधिको

हस्ताक्षरः ..................................

नामः .........................................

ठेगानाः ........................................

सर्भेक्षण निस्सा नं. .........................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः ................................

प्रमाणित गर्ने अधिकारीको नामः ........................................

प्रमाणित गर्ने अधिकारीको पदः ........................................

## च) लाभग्राहीको पहिचान सम्बन्धमा कुनै गुनासो भएमा गुनासो दर्ता गराउने फारामको नमूना

निजी आवास पुनर्निर्माण सम्बन्धी

**गुनासो दर्ता फाराम**

(गुनासोकर्ताहरुले भर्ने फारम)

दर्ता नं. [ ]

मितिः ...........................

म .................................. जिल्ला .............................. गा.वि.स./नगरपालिका वडा नं. ......... निवासी श्री/श्रीमान/श्रीमती/सुश्री ...................................... को ................. नाता पर्ने श्री/श्रीमान/श्रीमती/सुश्री .................................. एक भूकम्प प्रभावित व्यक्ति हुँ। निजी आवास पुनर्निर्माणसँग सम्बन्धित मेरा केही गुनासाहरु भएकोले उक्त गुनासाका सम्बन्धमा तत्काल न्यायोचित सम्बोधन होस् भन्ने अनुरोध सहित गुनासो/गुनासाहरु दर्ता गराउँछु।

गुनासो/गुनासाहरुः

.........................................................................................................

...............................................................................................

गुनासोकर्ताको हस्ताक्षरः ........................................

सर्भेक्षण निस्सा नं. ..............................................

गुनासा सम्बोधन भएको/नभएको

क) भयो, भएको भए को र कहाँबाट ?

.........................................................................................................

ख) भएन, नभएको भए कहाँ पेश भएको (रिफर गरिएको) ?

..............................................................................................

गुनासो सुनुवाई गर्ने अधिकारीको हस्ताक्षरः ................................................

## छ) भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदानका लागि लाभग्राही छनौट मापदण्ड

२०७२ वैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका परकम्पहरुबाट क्षतिग्रस्त निजी आवास भवनहरुको पुनर्निर्माणका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान देहायबमोजिम हुनेछ ।

१ केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम" अन्तर्गत संलकन गरिएको तथ्याङ्कको विश्लेषण गर्दा क्षतिको तह (ग्रेड) तीन, चार र पाँचमा सूचीकृत भएका लाभग्राहीहरु ।

२ बुँदा नम्बर १ मा समावेश भएका लाभग्राहीहरु मध्ये निम्न अवस्थामा निम्नानुसार अनुदान सहयोग उपलब्ध गराइनेछ ।

- २०७२ साल वैशाख १२ गते अगावै सम्बन्धित जिल्ला मालपोत कार्यालयमा अंशबण्डा पास गरेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गरी अनुदान रकम उपलब्ध गराइने ।
- एकाघर परिवारको सदस्यको नाममा घर जग्गा भएको, तर घर जग्गाको स्वमित्व भएको परिवारको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि एकाघर परिवारको नाता प्रमाणित भएका हकवाला व्यक्तिलाई तोकिएबमोजिमको अनुदान रकम उपलब्ध गराइने ।
- कुनै ठाउँमा जग्गा नापी नै नभएको, तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका घरहरुलाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गरी गराई सम्बन्धित व्यक्तिको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरे पछि तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराइने ।
- भूकम्पबाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा सीमाना जोडिएको छिमेकी गाविस वा भूकम्प प्रभावित सोही जिल्लाको अन्य सहज हुने उपयुक्त स्थानमा आवास निर्माण गर्ने भएमा उल्लिखित अनुदान रकम उपलब्ध गराउन सकिने ।

## ज) लाभग्राही पहिचान, अनुदान वितरण तथा प्राविधिक निरीक्षण प्रक्रिया

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | विस्तृत विवरण |
|---|---|---|---|
| १. | लाभग्राहीको पहिचान | केन्द्रीय तथ्याङ्क विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | केन्द्रीय तथ्याङ्क विभागले स्वीकृत सर्भेक्षण फारामको प्रयोग गरी जिल्ला जिल्लामा तालिम प्राप्त सर्भेक्षकहरु खटाइ भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रमबाट प्राप्त तथ्याङ्कहरुको स्वीकृत मापदण्डको आधारमा विश्लेषण गरी लाभग्राहीहरुको पहिचान गर्ने । |
| २. | अनुदान सम्झौता पत्रमा हस्ताक्षर (सही छाप) । | लाभग्राही र स्थानीय निकाय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईको नेतृत्वमा स्थानीयस्तरमा स्रोत केन्द्र वा स्थानीय निकायको भवन वा अन्य पायक पर्ने स्थानमा सञ्चालन गरिने अनुदान सम्झौता स्थलमा गई निर्धारित प्रकृया अनुसार सम्झौतापत्रमा हस्ताक्षर गर्ने । |
| ३. | बैंक खाता | लाभग्राही र तोकिएको बैंक | अनुदान सम्झौतामा हस्ताक्षर भइसकेपछि वा सो भन्दा अघि नै शाखा वा काउन्टरमा आफ्नो नाममा खाता खोल्ने र सोही खातामा निर्धारित किस्ता अनुसारको रकम जम्मा हुने । |
| ४. | प्रथम किस्ता वितरण | स्थानीय निकाय | पहिलो किस्ता वापत कूल अनुदानको २५ प्रतिशत बराबरको रकम अर्थात रु ५०,०००/ स्थानीय निकायले जिल्ला आयोजना, कार्यान्वयन इकाईले निर्धारित बैंकमार्फत जम्मा हुने । |
| ५. | प्राविधिक | सहरी विकास | जग र प्लिन्थ सम्मको कार्य भूकम्प |

| | | | |
|---|---|---|---|
| | निरीक्षण-१ | मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | प्रतिरोधी प्रविधिबाट गरे नगरेको एवं गुणस्तर कायम भए नभएको बारेमा निर्माण कार्यको निरीक्षण गरी मापदण्ड अनुरुप भए नभएको निर्धारित फाराम भरी प्रमाणित गर्नु पर्ने । |
| ६ | दोस्रो किस्ता वितरण | स्थानीय निकाय | दोस्रो किस्ता ४० प्रतिशतले हुने रु ८०,०००/ सम्बन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमबाट प्लिन्थभन्दा माथि छाना छाउने तहसम्मको कार्य सम्पन्न गर्न खर्च गर्नु पर्ने । |
| ७. | प्राविधिक निरीक्षण -२ | सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | प्लिन्थ भन्दा माथि गाह्रो र झ्याल ढोकाको चौकोस राख्ने सम्पूर्ण कार्य भूकम्प प्रतिरोधी प्रविधि बमोजिम गरे नगरेको बारेमा नियमित सुपरिवेक्षण गरिने तथा गाह्रो लगाउने र छाना छाउने काम सम्पन्न भएपछि अन्तिम किस्ताका लागि सिफारिस गर्न प्राविधिक निरीक्षण हुने । |
| ८. | अन्तिम किस्ता | स्थानीय निकाय | बाँकी ३५ प्रतिशतले हुने रु ७०,०००/ सम्वन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिइने । यो रकमवाट छाना छाउने लगायतका बाँकी कार्य सम्पन्न गर्नु पर्ने । |
| ९. | अन्तिम प्राविधिक परीक्षण | सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | साधारणतया काम सम्पन्न भएको ३ महिनाभित्र अन्तिम प्राविधिक परीक्षण गरिने । |

# पुनर्निर्माण अनुदान प्राप्त गरी घर बनाउँदा पालना गर्नु पर्ने कुराहरु




नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**आवास पुनर्निर्माण कार्यक्रम**
सिंहदरवार, काठमाडौं
फोन नं.: ०१४२००२६६, ४२११०३
इमेल: info@nra.gov.np
वेबसाइट: www.nra.gov.np